# माधव नारायण नगरपालिका
# Madhav Narayan Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

माधोपुर, रौतहट
Madhopur, Rautahat,
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

सम्पर्क : ९८५५०४०८२९
९८५५०४४०२५
९८५५०४०४१७

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ३२८०
प्राप्त प.सं/च.नं.

मिति :- २०७८/०३/३०

**विषय :- सम्पत्ती विवरण पेश गर्ने सम्बन्धमा ।**

**श्री सरोकारवालाहरु 'सबै'**
**माधव नारायण नगरपालिका, रौतहट ।**

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा १ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ 'क' को उपदफा '१' बमोजिम सार्वजनिक पद धारण गरेको जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक आदि सबैले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र तोकिएको सम्वन्धित निकायमा आ-आफ्नो सम्पत्ती विवरण पेश गरी सक्नु पर्ने प्रावधान बमोजिम नगरपालिकाका निर्वाचित जनप्रतिनिधि, कार्यरत सम्पूर्ण कर्मचारी, शिक्षकहरुले आ-आफ्नो सम्पत्ती विवरण भरी मिति २०७८/०५/२८ गते भित्र तोकिएको सम्बन्धित निकायमा अनिवार्य पेश गर्नु हुन तथा सो मिति सम्म सम्पती विवरण पेश हुन नआएमा सो को जिम्मेवार सम्बन्धित व्यक्ति नै हुने व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. निर्वाचित जनप्रतिनिधिहरु, करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीले मिति २०७८/०५/१५ गते भित्र अनिवार्य रुपमा प्रशासन शाखामा दर्ता गराई सूचना प्रविधि शाखामा पेश गरी सक्नु पर्ने छ ।

२. विद्यालयमा कार्यरत शिक्षक, बाल बिकास सहजकर्ता तथा सहायक कर्मचारीहरुले मिति २०७८/०५/१५ गते भित्र अनिवार्य रुपमा प्रशासन शाखामा दर्ता गराई शिक्षा शाखामा पेश गरी सक्नु पर्ने छ ।

नोट :- सम्पत्ती विवरण भरी पेश गर्दा खामवन्दी गरी पेश गर्नु पर्ने र खाम वाहिर देहायका विवरण उल्लेख भएको हुन पर्ने छ ।

| प्रेषक | प्रापक |
|---|---|
| कर्मचारीको संकेत नं. :-<br>नाम, थर :-<br>पद :-<br>सेवा/ समूह :-<br>श्रेणी/ तह :-<br>कार्यरत कार्यालय :-<br>मोवाईल नं. :-<br>ईमेल ठेगाना :- | - निजामती कर्मचारीको हकमा राष्ट्रिय किताबखाना, हरिहर भवन, पुलचोक,ललितपुर<br>- शिक्षकको हकमा शिक्षक किताबखाना<br>- निर्वाचित पदाधिकारी स्थानिय सेवाका स्थायी कर्मचारीको हकमा मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश नं. २, धनुषा<br>- अस्थायी करार कर्मचारीको हकमा नगरपालिकाको कार्यालय, माधोपुर, रौतहट |

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत